# आन्तरिक क्वारेन्टाइन निर्देशिका, २०७१

## प्रस्तावना

बिरुवा विरुवा जन्य उपज तथा अन्य वस्तुहरुको ओसारपसारसंगै देश भित्र एक क्षेत्रवाट अर्को क्षेत्रमा शत्रुजीवहरु फैलिने गरेकोले त्यस्ता शत्रुजीवहरुको आन्तरिक फैलावट नियमन गर्ने सम्बन्धमा आवश्यक व्यवस्था गर्न वाञ्छनीय भएकोलेविरुवा संरक्षण ऐन, २०६४ को दफा ६ (२) तथा विरुवा संरक्षण नियमावली, २०६६ को नियम ४ मा भएका व्यवस्था अनुसारका कार्यहरु प्रभावकारी रुपमा संपादन गर्न कृषि विकास मन्त्रालयवाट यो निर्देशिका जारी गरिएको छ ।

१. **निर्देशिको नाम र प्रारम्भ** :

(१) यस निर्देशिकाको नाम ‘‘आन्तरिक क्वारेण्टाइन निर्देशिका, २०७१’’ रहेको छ ।

(२) यो निर्देशिका तुरन्त प्ररम्भ हुने छ ।

२. **परिभाषा** : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस निर्देशिकामा

(क)‘‘आन्तरिक क्वारेण्टाइन’’ भन्नाले देशभित्रको कुनै खास ठाउमा स्थापित भईसकेका आर्थिक रुपमा उल्लेखनीय हानी नोक्सानी पुऱ्याउने क्षमता भएका शत्रुजीवलाई त्यस क्षेत्र भित्र सिमित गरी त्यसको फैलावट (वा विस्तार) रोक्न त्यस्ता शत्रुजीववाट संक्रमित वरुवा, विरुवाजन्य उपज तथा अन्य वस्तुको अवागमन नियमन गर्न अपनाईने आधिकारीक नियन्त्रण प्रकृया सम्झनु पर्छ।

(ख) ‘‘आन्तरिक क्वारेण्टाइन शत्रुजीव’’ भन्नाले देश भित्र रहेका बिरुवा वा विरुवाजन्य उपजलाई हानि नोक्सानी पुऱ्याउने आर्थिक महत्वका शत्रुजविहरुलाई जनाउंछ ।

(ग) ‘‘आधिकारिक नियन्त्रण’’ भन्नाले आन्तरिक क्वारेण्टाइन शत्रुजीवको उल्मुलन वा सिमितीकरण वा व्यवस्थापन गर्ने उदेश्यले विरुवा स्वस्थता सम्वन्धि नीति, नियम तथा कार्य विधिहरुको अवलम्वन, सकृय कार्यान्वयन तथा प्रयोग सम्वन्धिकार्य सम्झनु पर्छ ।

(ग)‘‘आभासित जोखिम’’भन्नाले प्राविधिक वा विशेषज्ञ वा आधिकारीकसरोकारवाला निकायले कुनै पनि शत्रुजीववाट हुन सक्ने नोक्सानिको आधारमा अनुमानित जोखिमलाई जनाउंछ ।

(घ) ‘‘ऐन’’ भन्नाले विरुवा संरक्षण ऐन, २०६४ सम्झनु पर्छ ।

(ङ) ‘‘राष्ट्रिय विरुव संरक्षण संगठन’’भन्नाले विरुवा संरक्षण एन २०६४ दफा ६ अनुसार तोकिएको कार्यालयलाई जनाउछ ।

(च) प्रयोगशाला भन्नाले क्षेत्रीय वाली संरक्षण प्रयोगशाला, वा क्षत्रीय तथा केन्दीय विउविजन प्रयोगशाला, क्वारेन्टाइन प्रयोगशाला, वा नेपाल कृषि अनुसन्धान परिषद अन्तर्गतका प्रयोगशालाहरुलाइ सम्झनु पर्दछ ।

३. **आन्तरिक क्वारेन्टाईन कार्यक्षेत्र** :

(१) नेपाल सरकारले शत्रुजीवको जैविक विशेषता, भौगोलिक विशेषता तथा विरुवा वा विरुवा जन्य उपज तथा अन्य वस्तुको विशेषताको आधारमा आन्तरीक क्वारेन्टाइनको कार्यक्षेत्र निर्धारणगर्ने छ ।

(२) मुलुक भित्र स्थापित भईसकेका राष्ट्रियस्तरमा स्वीकार्य स्थिति भन्दा बढी आर्थिक र वातावरणिय जोखिम हुन सक्ने कुनैपनि शत्रुजीवलाई आन्तरीक क्वारेन्टाइनको कार्यक्षेत्रभित्र समेटिने छ । पोष्ट ईन्ट्री क्वारेन्टाइनमा रहेका शत्रुजीवपनि यसको कार्यक्षेत्र भित्र पर्ने छ ।

(३) राष्ट्रिय विरुवा संरक्षण संगठनले भौगोलिक विशेषताको आधारमासंक्रमितक्षेत्र र संकटोत्पन्न (endangered) क्षेत्र पहिचानगर्ने छ ।

(४) बिरुवा वा बिरुवाजन्य बस्तु तथा अन्य वस्तुलाई जोखिमको आधारमा वर्गीकरण **गरी**राष्ट्रिय विरुवा संरक्षण संगठनले आन्तरिक क्वारेन्टाइनको कार्यक्षेत्रभित्र समेटने छ । प्रजनन वा प्रसारणको लागी प्रयोग हुने विउ, वेर्ना, विरुवा, वल्व, ट्युवर, राइजोम, कटिंग, फुल, फल र जरा जस्ता वानस्पतिक वा मैथुनिक प्रजननमा प्रयोग हुने विरुवा वा विरुवा जन्य सामग्रिहरुउच्च जोखिम वर्गमा राखिने छ ।

४. **आन्तरिक क्वारेण्टाइन कार्यविधि तथा मापदण्डः**

**(१)**राष्ट्रिय विरुवा संरक्षण संगठनले आन्तरिक क्वारेण्टाइनलाई प्रभावकारी वनाउन देहायका कार्यविधिहरु निर्धारण गर्ने छ ।

(क) आन्तरीक क्वारेन्टाइन लागु गर्नु पर्ने शत्रुजीवको पहिचान सम्वन्धि कार्यविधि

(ख) शत्रुजीव विशेष संक्रमितक्षेत्र पहिचान कार्यविधि

(ग) शत्रुजिव विशेषको प्रवेशको लागि निषेध गर्नुपर्नेसंकटोत्पन्न क्षेत्रनिर्धारण कार्यविधि

(घ) रोपणको लागी प्रयोग हुने विरुवासँग सम्बन्धित शत्रुजीव व्यवस्थापन कार्य विधि

(ङ) राष्ट्रिय स्तरमा शत्रुजीव जोखिम स्वीकार्य स्तर निर्धारण (Appropriate level of protection ) कार्य विधि ।

(च) अवश्यकता अनुसारका अन्य कार्यविधिहरु

(२) उपरोक्त कार्यविधिहरुलाई प्रभावकारी वनाउन देहायका मापदण्ड तथा आचार संहिताहरु निर्धारण गर्ने छ ।

(क) विरुवा वा विरुवा जन्य वस्तु ओसार पसारको मापदण्ड

(ख) वस्तुको वर्गिकरणका आधारहरु र सम्वन्धित मापदण्ड

(ग) बिरुवा तथ बिरुवा जन्य वस्तु उत्पादन नर्सरी स्वस्थता सम्वन्धि आचार संहिता

(३) उपरोक्त कार्यविधि तथा मापदण्डहरु कृषि विभागवाट स्विकृत भएपछि लागु गर्ने छ ।

**५. ओसार पसारका शर्ततोक्ने:**

(१) कुनै भौगोलिक सिमा भित्र आन्तरिक क्वारेन्टाइनको दायरा अन्तरगत आउने शत्रुजीवहरुको प्रवेश, स्थापना वा फैलावट सम्वन्धि जोखिम आकलन गरि ओसार पसारका शर्त सिफारीस गर्ने जिम्मेवारी अनुसुची १ अनुसारको आन्तरीक क्वारेन्टाइन कार्यान्वयन समितिको हुनेछ।

(२) त्यस्तो सिफारीस राष्ट्रिय विरुवा संरक्षण संगठनको प्रमुख समक्ष आन्तरीक क्वारेन्टाइन कार्यान्वयन तथा अनुगमन निरीक्षण केन्द्रिय समितिको सदस्य सचिवले पेश गर्ने छ ।

(३) त्यसरी प्राप्त भएको सिफारीस कार्यान्वयनको लागी थप शर्त वा व्यवस्था आवश्यक पर्ने भएमा राष्ट्रिय विरुवा संरक्षण संगठनले सो सम्वन्धि थप अध्ययन गरिकार्यान्वयनको लागी आन्तरीक क्वारेन्टाइन कार्यान्वयन समितिमार्फत कृषि विभागलाइ लेखि पठाउन सक्ने छ । त्यस्तो सिफारीस स्विकृत वा अस्विकृत भएको जानकारी सम्वन्धित केन्द्रीय समितिलाइ राष्ट्रिय विरुवा संरक्षण संगठनका

प्रमुखले ३० दिन भित्र दिनु पर्ने हुन्छ। राष्ट्रिय विरुवा संरक्षण संगठनको वैठक वाट अनुमोदन नभएको आन्तरीक क्वारेन्टाइन कार्यान्वयन तथा अनुगमन निरीक्षण केन्द्रिय समितिको सीफारीस कार्यान्वयन गर्न पाइने छैन।

६. **आन्तरिक क्वारेण्टाइन नाका तोक्ने** :

(१) संक्रमितक्षेत्र र संकटोत्पन्न क्षेत्रले एक भन्दा बढी जिल्ला समेटेको अवस्थामा आन्तरिक क्वारेन्टाईन लागु गर्न शर्तहरु तयार गरि त्यस्ता क्षेत्रहरुवाट ओसारपसार हुने विरुवा वा विरुवाजन्य वस्तुहरुको लागी राष्ट्रिय विरुवा संरक्षण संगठनले आवश्यकता अनुसार चेक नाकाहरु पहिचान गरि कृषि विकास मन्त्रालयमा शिफारिस गर्ने छ।

(२) त्यस्ता नाकाहरुमा आन्तरीक क्वारेन्टाइन चेकपोष्ट को व्यवस्था गरी नियमन गरिने छ।

७. **आन्तरिक क्वारेन्टाइन सम्वन्धि कार्य गर्ने आधिकारीक निकाय** :

(१) आन्तरिक क्वारेन्टाइन सम्वन्धि कार्य गर्न जिल्ला कृषि विकास कार्यालयआधिकारीक निकायहुने छ।

(२) त्यस्ता निकायले देहायका कार्यहरु सम्पादन गर्ने छन्।

(क) ओसार प्रसार प्रमाण पत्र प्रदान गर्ने

(ख) जिल्ला स्तरमा अनुगमान तथा निरीक्षण गर्ने

८. **आन्तरिक क्वारेन्टाइन निरीक्षक** :

(१) न्युनतम शैक्षिक योग्यता कृषि स्नातक  भएका नेपाल कृषि सेवाका रा. प. तृतिय श्रेणि वा सो भन्दा माथिल्लो श्रेणीका अधिकृतहरु आन्तरिक क्वारेन्टाइन निरीक्षक हुन सक्ने छन्।

(२) जिल्ला स्तरमा न्युनतम शैक्षिक योग्यता पुगेका बाली संरक्षण समुहका आन्तरिक क्वारेन्टाइन निरीक्षक अधिकृत रहने छन्। त्यस्ता जनशक्ति उपलब्ध नभएको अवस्थामा आन्तरिक क्वरेण्टाइन कार्यक्षेत्रगत विशेषता अनुसार न्युनतम शैक्षिक योग्यता पुगेका वाली समुह वा वागवानी समुहका जनशक्तिले आन्तरिक क्वारेन्टाइन निरीक्षकको कार्य गर्ने छन्।

(४) त्यस्ताआन्तरिक क्वारेन्टाइन निरीक्षकले राष्ट्रिय विरुवा संरक्षण संगठनले तोकेको मापदण्ड अनुसारकोआन्तरिक क्वारेन्टाइन सम्वन्धि तालिम अनिवर्य रुपले प्राप्त गरेको हुनु पर्ने छ ।

९. **आन्तरिक ओसार पसार प्रमापत्र प्रदान गर्ने व्यवस्था** :

(१) राष्ट्रिय विरुवा संरक्षण संस्थाले तोकेको प्रक्रिया पुरा गरि आएमा नियमन गरिएका वस्तुहरु ओसार पसार गर्न चाहने व्यक्ति वा संस्थालाई अनुसुची २आन्तरिक ओसार पसार को प्रमाणपत्र दिइने छ ।

(२) त्यस्तो प्रमाणपत्र नलिइ त्यस्ता वस्तुहरु तोकिएको क्षेत्रवाट निकासि गर्न दिईने छैन ।

(३) त्यस्तो प्रमाणपत्र लिन चाहने व्यक्ति वा संस्थाले आन्तरिक क्वारेन्टाइन निरीक्षक कार्यरत रहेको कार्यालयको प्रमुख समक्ष देहायका कागजातहरु संलग्न गरि अनुसुची ३ अनुसारको निवेदन दिनु पर्छ।

(क) ओसार पसारकार्ताको नागरिकताको प्रमाणपत्र वा पहिचान खुल्ने अन्यप्रमाण पत्र

(ख) संस्थाको नामबाट ओसार पसार गर्न चाहनेले संस्था दर्ता र नविकरण गरेको प्रमाण पत्र

(ग) ओसार पसारगर्ने वस्तुको विल विजक वा कोटेसन

(४) निवेदन साथ संलग्न कागजात जांचबुझ गर्दा ओसार पसार अनुमति पत्र दिन मनासिव देखिएमा अनुसुची २ अनुसार ढांचामा प्रमाण पत्र दिइने छ।

(५) त्यस्तो प्रमाणपत्रको मान्य अवधि उक्त प्रमाण पत्रमा उल्लेख भए वमोजिम अधिकतम ३० दिन सम्मको हुने छ ।

१०. **निरीक्षण गर्ने व्यवस्था:**

(१) निरीक्षकले ओसार पसार हुने बिरुवा, बिरुवाजन्य उपज निषेध गरिएको शत्रुजीवबाट संक्रमित भएको छ छैन भनी त्यस्ता वस्तु रहेको झोला, पोका वा प्याकेट वा कन्टेनर तथा ढुवानीको साधनको वा आवश्यक परेमा उत्पादन स्थलको समेत निरीक्षण गर्न सक्ने छ ।

(२) निरीक्षकले त्यस्ता वस्तुलाई आन्तरीक क्वारेन्टाइन गर्नुपर्ने देखेमा आवश्यकता अनुसार सोको उपचार गर्न गराउन, वा नष्ट गर्न गराउन वा फिर्ता पठाउन आदेश दिन सक्नेछन् ।

(३) कुनै लक्षणहरु भएको नदेखेमा तर शंका लागेमा त्यस्ता वस्तुको ओसार पसार प्रमाण पत्र जारी गर्नु पूर्व आवश्यक नमूना लिई परीक्षणका लागि प्रयोगशालामा पठाउनु पर्नेछ ।प्रयोगशाला परीक्षणबाट स्वस्थ रहेको प्रतिवेदन प्राप्त भएमा मात्र ओसार पसार प्रमाण पत्र दिईनेछ ।

**११. परीक्षण सम्वन्धि व्यवस्थाः**

(१) निरीक्षकले निषेधित सामाग्रीको नमूना को सामान्य परिक्षण गर्न सक्दछन । त्यस्तो  परीक्षण गर्दा खुल्ला आंखा वा लेन्स वा सुक्ष्मदर्शक यन्त्र वा अन्य फिल्ड किटको सहायताले परिक्षण गर्न सक्ने छ ।

(२) प्रयोगशालामा पठाइएको नमुनालाइ प्रयोगशालाले देहायको कुनै एक वा एकभन्दा बढी परीक्षण विधि अवलम्बन गरी परीक्षण गर्ने छ ।

(क) धोएर परीक्षणः ढुसी भए नभएको पत्ता लगाउन सफा पानीमा आवश्यक रसायन मिसाई नमूना धोएर।

(ख) छानेर परीक्षणः जुका (नेमाटोड) भए नभएको पत्ता लगाउन सफा पानीमा सोली र छान्ने कागज ( फिल्टर पेपर ) को प्रयोग गरी।

(ग) सुक्ष्मदर्शक यन्त्रबाट परीक्षणः शत्रुजीवको पहिचानको लागि सुक्ष्मदर्शक यन्त्रको प्रयोग गरी।

(घ) एक्सरे परीक्षणः बीउ बिजन (ग्रेन) हरुमा हुन सक्ने आन्तरिक संक्रमण पत्ता लगाउन एक्सरे मेशिनको प्रयोग गरी।

(ङ) इन्क्युबेशन परीक्षणः ढुसी वा शाकाणु (ब्याक्टेरिया) भए नभएको पत्ता लगाउन त्यसका लागि उपयुक्त माध्यम सहित इन्क्युबेशन मेशिनमा आवश्यकता अनुसारको समयसम्म राखी।

च) कल्चर गरेर वा सेरोलोजिकल वा वायोकेमिकल प्रक्रियाको अध्ययन गरेर ।

१२. **उपचार सम्वन्धि व्यवस्थाः** निरीक्षकले वस्तुको सामान्य परीक्षण गरी आवश्यकतानुसार त्यसको निसंक्रमण वा उपचार गर्ने गराउने छ ।यस कार्यको लागि रा. वि. सं. संगठनले तोके वमोजिमको उपचार विधि मात्र अवलम्वन गर्ने छ ।

१३. **सरोकारवालाहरुको पहिचान तथा काम, कर्तव्य र अधिकार :**

(१) आन्तरिक क्वारेण्टाइनको कार्यक्षेत्र संग सम्वन्धित सरोकारवालाहरुको काम, कर्तव्य र अधिकार अनुसुचि ४ अनुसारको हुनेछ ।

(२) राष्ट्रिय विरुवा संरक्षण संगठनले प्रत्येक वर्ष अनुसुचि ३ को समिक्षा गरि सरोकारवालाहरुको काम, कर्तव्य र अधिकारमा समसामायिक परिवर्तन गर्न सक्ने छ ।

१४. **कारवाही सम्वन्धि व्यवस्थाः**

(१) आन्तरीक क्वारेन्टाइन लागु भइसकेको क्षेत्र वाट वा क्षेत्र भित्र लुकाइ छिपाइ कुनै नियमित वस्तु ओसार पसार भइरहेको भेटिएमा त्यस्तो नियम विपरित ओसार पसार गरिएको वस्तु आ.क्वा. निरिक्षकले उपचार गराउन निर्देशन दिने र उपचार सम्भव नभएमा जफत गरी नष्ट गर्न सक्ने छ ।

(२) जफत तथा नष्ट गर्नेप्रकृया विरुवा संरक्षण ऐन २०६४ को दफा २४ र विरुवा संरक्षण नियमावली २०६६ को नियम १४ र १५ बमोजिम हुने छ ।

**१५. नीतिगत निर्णय गर्न सकिनेः**

(१) यस निर्देशिकामा लेखिएका कुराहरुको अतिरिक्त राष्ट्रिय विरुवा संरक्षण संगठनलले आन्तरिक क्वरेण्टाइन सम्बन्धी विषयमा आवश्यक नीतिगत निर्णय गर्न सक्नेछ ।

(२) राष्ट्रिय विरुवा संरक्षण संगठनले गरेको नीतिगत निर्णय यस निर्देशिकाको अभिन्न अंग हुनेछ ।

१६. **अनुगमान तथा निरीक्षण व्यवस्था :**

(१) राष्ट्रिय विरुवा संरक्षण संगठनले आवश्यकता अनुसार आन्तरिक क्वरेण्टाईन संग सम्बन्धित काम कारबाहीको अनुगमन तथा निरीक्षण गर्ने छ ।

(२) आन्तरिक क्वारेन्टाइन प्रणालीलाई कार्यान्वयन तथा अनुगमन निरीक्षण गर्न अनुसुचि १ अनुसारको संरचनाहरु रहने गरी देहायका संयन्त्र निर्माण हुने छ ।

(क) जिल्ला स्तरीय आन्तरीक क्वारेन्टाइन कार्यान्वयन तथा अनुगमन निरिक्षण समिति

(ख) आन्तरीक क्वारेन्टाइन कार्यान्वयन ) केन्द्रीय समिति

ग) आन्तरीक क्वारेन्टाइन अनुगमन निरिक्षण केन्द्रीय समिति

(३) जिल्लास्तर आन्तरिक क्वारण्टाइन कार्यान्वयन तथा अनुगमन समितिको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुने छ।

(क) जिल्लामा भित्रिने र बाहिरिने आन्तरिक क्वारेन्टाईन लागु गर्नुपर्ने बिरुवा जन्य बस्तुहरुको सूची तयार गर्ने।

(ख) यी बस्तुहरुको जिल्लास्तरमा लागु गर्न सकिने आन्तरिक क्वारेन्टाईनको मापदण्ड तयार गरी केन्द्रिय समिति समक्ष पेश गर्ने।

(ग) राष्ट्रिय विरुवा संरक्षण संगठनले स्वीकृत गरेका आन्तरिक क्वारेन्टाईन सम्बन्धि मापदण्ड जिल्लाका सरोकारवालाहरुलाई जानकारी गराउने।

(घ) आन्तरिक क्वारेन्टाईनको विषयमा जिल्लामा उठेका विवाद व्यवस्थापन गर्ने।

(ङ) जिल्ला भित्र भए गरेका आन्तरिक क्वारेन्टाईन सम्बन्धि कार्यहरुको अनुगमन गरी प्रतिवेदन तयार गर्ने।

(च) आन्तरिक क्वारेन्टाईन सम्बन्धि प्रवर्द्धनात्मक कार्यक्रम सञ्चालन गर्ने।

(४) आन्तरीक क्वारेन्टाइन कार्यान्वयन केन्द्रीय समिति तथा अनुगमन निरिक्षण केन्द्रीय समिति को काम कर्तव्य र अधिकार देहाय बमोजिम हुने छ।

(क) विभिन्न चरणका अनुगमन प्रतिवेदन तथा सिफारिसहरुमाथि माथिल्लो तहले कार्यवाही गर्दै जाने ।

(ख) केन्द्रीयस्तरको समितिले यस निर्देशिकामा परिमार्जन गर्नको लागि राष्ट्रिय विरुवा संरक्षणसंगठन समक्ष पेश गर्न सक्ने।

(ग) राष्ट्रिय विरुवा संरक्षण संगठन यस निर्देशिकामा आवश्यक हेरफेर गरी प्लाण्ट क्वारण्टिन समितिबाट अनुमोदन गराउनु पर्ने।

घ) अनुगमन निरीक्षण समितिले कार्यान्वयन समितिलाइ पृष्ठपोषण दिने सो को समेत आधार लिइ कार्यान्व्यिन समिति ले विभाग अन्तर्गतका आन्तरीक क्वारेन्टाइन लागु भएका जिल्ला हरुमा कार्यान्वयन गराउने ।

**१७. अभिलेख राख्ने व्यवस्था :**

(१) आन्तरीक क्वारेन्टाइन कार्यान्वयन केन्द्रीय समिती तथा अनुगमन निरिक्षण केन्द्रीय समितिले बाली विशेषको लागि अभिलेख राख्नको लागि संयुक्त रुपमा फर्म्याट निर्माण गरी जिल्ला स्तर का समितिलाई उपलब्ध गराउने ।

(२) जिल्ला स्तर का समितिले सोही अनुसार अभिलेख संकलन गरी केन्द्रीय समितिलाई उपलब्ध गराउने ।

(३) यसको अभिलेख राष्टिय विरुवा संरक्षण संगठनले एकीकृत गरी अद्यावधिक गर्ने । फर्म्याटमा बाली वस्तुको उत्पादन स्थल, उत्पादक, स्वस्थताको अवस्था, निकासी पैठारीको परिमाण, जफत तथा नष्ट गरिएको भए सो को परिमाण आदि जस्ता विवरणहरु रहने ।

१८. **निर्देशिका संसोधन :** ऐन तथा नियमावलीको परिधिभित्र रही प्लान्ट क्वारेन्टाइन समितिले यस निर्देशिकामा आवश्यकता अनुसार संशोधन र परिमार्जन गर्न सक्नेछ ।

१९. **बाधा अड्काउ फुकाउन सक्ने :** यस निर्देशिकामा लेखिएको कुनै व्यवस्था कार्यान्वयन गर्ने सम्बन्धमा कुनै द्विविधा वा बाधाअड्चन परेमा राष्ट्रिय प्लाण्ट क्वारण्टाइन समितिले आवश्यक निर्णय गरी त्यस्तो बाधा अड्चन फुकाउनसक्नेछ ।

२०. **सार्वजनिक सूचना दिनुपर्ने** : आन्तरिक क्वारेन्टाइन लागुगर्नुभन्दा अगाडी विद्युतिय तथा छापाको माध्यम वाट देहाय वमोजिमका विषयमा सार्वजनिक सूचना दिनुपर्नेछ ।

क) नियमन गरिएको भौगोलिक क्षेत्र,

ख) नियमन गरिएको वाली वस्तु

ग) नियमन गरिएको वाली शत्रु

घ) सम्वेदनशील अल्टरनेट तथा कोल्याटरल होष्ट

ङ.) सर्वसाधारण नागरिकको लागी आचार संहिता

च) व्यवसायीको लागी आचार संहिता

अनुसुची १

**जिल्ला स्तरीय आन्तरीक क्वारेन्टाइन कार्यान्वयन तथा अनुगमन निरिक्षण समिति**

| | |
|---|---|
| जिल्लास्तरमा जि.कृ.वि.का. को प्रमुख | अध्यक्ष |
| बाग.वि.अ वा वा. वि. अ | सदस्य |
| जिल्ला प्रशासन कार्यालयको अधिकृत प्रतिनिधि | सदस्य |
| जिल्ला विकास समितिको अधिकृत प्रतिनिधि | सदस्य |
| सम्बन्धित जिल्ला वा क्षेत्रको प्लाण्ट क्वारेन्टाईन कार्यालयको अधिकृत प्रतिनिधि | सदस्य |
| जिल्ला उद्योग बाणिज्य संघको प्रतिनिधि | सदस्य |
| सम्बन्धित गा.वि.स.। न.पा.को प्रतिनिधि | सदस्य |
| सेवा केन्द्र प्रमुख | सदस्य |
| कृषक समुह । सहकारी । सञ्जाल को प्रतिनिधि | सदस्य |
| वाली संरक्षण अधिकृत | सदस्य सचिव |

नोट : आवश्यकता अनुसार समितिले सम्बन्धित सरोकारवालालाई बैठकमा आमन्त्रण गर्न सक्ने ।

**आन्तरीक क्वारेन्टाइन अनुगमन निरिक्षण केन्द्रीय समिति**

| | |
|---|---|
| राष्टिय विरुवा संरक्षण संगठन | अध्यक्ष |
| क्षे.बा.सं.प्र.का प्रमख पाँचवटा | सदस्य |
| सम्बन्धित कार्यक्रम निर्देशनालयको बरिष्ठ अधिकृत प्रतिनिधि | सदस्य |
| अध्यक्षले तोकेका विशेषज्ञहरु | सदस्य |
| रा.प्ला.क्वा.का.को बरिष्ठ प्लाण्ट क्वारण्टिन अधिकृत | सदस्य सचिव |

**आन्तरीक क्वारेन्टाइन कार्यान्वयन केन्द्रीय समिति**

| | |
|---|---|
| महा-निर्देशक कृषि विभाग | अध्यक्ष |
| उप-महानिर्देशक (प्रविधि विस्तार तथा समन्यन ) | सदस्य |
| प्रमुख वाली रोग विज्ञान महाशाखा | सदस्य |
| प्रमुख किट विज्ञान महाशाखा | सदस्य |
| प्रमुख वाली विज्ञान महाशाखा | सदस्य |
| कार्यक्रम निर्देशक वाली संरक्षण निर्देशनालय | सदस्य |
| कार्यालय प्रमुख कृषि वस्तु निर्यात प्रर्वद्धन कार्यक्रम | सदस्य |
| कार्यक्रम निर्देशक फलफुल विकास निर्देशनालय | सदस्य |
| कार्यक्रम निर्देशक तरकारी विकास निर्देशनालय | सदस्य |
| कार्यक्रम निर्देशक वाली विकास निर्देशनालय | सदस्य |
| कार्यक्रम प्रमुख राष्ट्रिय प्लाण्ट क्वारिण्टन कार्यक्रम | सदस्य सचिव |

अनुसूची-२

नेपाल सरकार
कृषि विकास मन्त्रालय
राष्ट्रिय विरुवा संरक्षण संगठन

# आन्तरिक ओसार पसार प्रमाणपत्र

| | |
|---|---|
| प्रमाण पत्र जारी गरेको कार्यालय : | प्रमाण पत्र मान्य रहने क्षेत्रः |
| ओसार पसार कर्ताको नामः | ओसार पसारकर्ताको ठेगानाः |
| १. ओसार पसार गर्ने विरुवा, विरुवाजन्य उपज वा अन्य वस्तुको विवरण : | |
| साधारण नामः | वैज्ञानिक नाम |
| परिमाणः इकाइ संख्या | उत्पत्तिको स्थान : .जिल्ला..............गा. वि. स........ |
| उद्देश्य/अन्तिम उपयोग : | उत्पादनकर्ताको नामः |
| ढुवानि साधनको किसिम र नंवर : | उपयोग हुने स्थालः |
| २. अतिरिक्त घोषणा : | |
| ३. निसंक्रमण/निसंक्रमण उपचार | |
| उपचार गरेको मिति : | रसायनिक (सक्रिय तत्वहरु) : |
| उपचार : | कन्सन्ट्रेसन |
| अतिरिक्त जानकारी | |
| ४. निरीक्षण तथा प्रमाण पत्र जारी गरेको मिति : | |
| निरीक्षण गरेको मिति : | प्रमाण पत्र जारी गरेको मितिः |
| प्रमाण पत्रमान्यता अवधि : ........... दिन । | प्रमाण पत्र मान्यता रहने अन्तिम मिति ... ... ... ... |
| ५. माथि उल्लिखित वस्तुलाई उपयुक्त आधिकारिक प्रक्रिया बमोजिम निरीक्षण, जाँच, परीक्षण गरिदा आन्तरिक क्वारेण्टाइनका निर्धारित शर्त अनुकुल भएको व्यहोरा प्रमाणित गरिन्छ । | |
| प्रमाणपत्र जारी गर्ने अधिकारीको नामः | प्रमाणपत्र जारी गरेको मिति : |
| पदः | आधिकारीक छाप |
| दस्तखतः | |

अनुसुचि ३

श्री राष्ट्रिय विरुवा संरक्षण संगठन

कृषि विकास मन्त्रालय

विषयःआन्तरिक ओसार पसार प्रमाणपत्र आवेदन फारम

| | |
|---|---|
| आवेदनपेश गरेको कार्यालय : | ओसार पसार गर्न माग गरेको क्षेत्रः |
| आवेदकको नाम (संस्था र व्यक्ति): | आवेदकको ठेगानाः |
| १. ओसार पसार गर्ने विरुवा, विरुवाजन्य उपज वा अन्य वस्तुको विवरण : | |
| साधारण नामः | वैज्ञानिक नाम |
| परिमाणः इकाइ संख्या | उत्पत्तिको स्थान : .जिल्ला................गा. वि. स........ |
| उद्देश्य/अन्तिम उपयोग : | उत्पादनकर्ताको नामः |
| ढुवानि साधनको किसिम र नंवर : | उपयोग हुने स्थालः |
| | |
| प्रमाणपत्र माग गर्ने को नामः | आवेदन गरेको मिति : |
| आवेदकको पदः | |
| आवेदकको दस्तखतः | संस्थाको छाप (संस्थागत आवेदनको लागि) |

अनुसुची ४

आन्तरिक क्वारण्टाइन सरोकारवालाहरुको जिम्मेवारी

| क्र.सं. | सरोकारवाला निकायहरु | प्रमुख जिम्मेवारी | कैफियत |
|---|---|---|---|
| | नितिगत तह | | |
| | प्लान्ट क्वारेन्टाइन समिति | राष्टिय विरुवा संरक्षण संगठन वाट सिफारीस भई आएका आ.का. लागु गर्नु पर्ने सम्बन्धमा औचित्य अनुसार स्विकृति दिने । | |
| | राष्टिय विरुवा संरक्षण संग ठन | जिल्ला स्तर तथा केन्द्रीय स्तर कार्यान्वयन समितिबाट सिफारीस भई आएका आ.क्वा. लागु गर्नुपर्ने बाली/शत्रुजीव/ भौगोलिक क्षेत्र लाई लागु गर्ने सम्बन्धमा प्लान्ट क्वारेन्टाइन समितिलाई सिफारीस गर्ने ।<br><br>उक्त समितिबाट स्विकृति प्राप्त भए पश्चात आन्तरीक क्वारेन्टाइन लागु गर्ने गराउने विषयमा कार्यान्वयन केन्द्रीय समितिलाइ जानकारी उपलव्ध गराउने । | |
| | केन्द्रीय कार्यान्वयन समिति | आ.का. संग सम्बन्धि कार्यान्वयन तहमा समन्वय लगायतका मूद्दाहरुमा छलफग गरी प्रभावकारी कार्यान्वयनकालागि आवश्यक भूमिका निर्वाह गर्ने । | हाल कार्यान्वयनमा रहेको एस पि एस कार्यान्वगयन समिती |
| | कार्यान्वयन तह | | |
| | | | |

| | | | |
|---|---|---|---|
| | जिल्लास्तर आ.क्वा. कार्यान्वयन तथा अनुगमन समिति | आन्तरिक क्वारेन्टाईन लागु गर्नुपर्ने बिरुवा जन्य बस्तुहरुको सूची तयार गर्ने ।<br><br>जोखिम विश्लेषण गरि प्रवेशका शर्त सिफारीस गर्ने ।<br><br>स्विकृत भएका शर्तहरुको प्रचार प्रसार एवं कार्यान्वयन गर्ने गराउने ।<br><br>सदस्य सचिव एवं बाली संरक्षण अधिकृतको सिफारीसमा व्यवसायीको फर्म वा नर्सरीहरुको अनुगमन/ निरीक्षण /परिक्षण गरी स्वस्थताको प्रमाणपत्र प्रदान गर्ने, नविकरण गर्ने । | |
| | जिल्ला कृषि विकास कार्यालय | आन्तरीक क्वारेन्टाइन लागु गर्ने मूख्य जिम्मेवारी<br><br>जिल्लामा नियमित शत्रुजीव सर्वे गर्ने तथा देखा परेका शत्रुजीवहरुको तथा तिनबाट भएको क्षतिको विवरण तयार पार्ने, नियन्त्रणकालागि आवश्यक पहल गर्ने<br><br>प्राविधिक विषयमा आवश्यक छलफल परामर्श गरी जिल्लाको क्वारेन्टाइन शत्रुजीवको सूचि तयार गरी जिल्ला अनुगमन तथा कार्यान्वयन समितिमा पेश गर्ने<br><br>व्यवसायी दर्ता एवं विरुवा स्थस्थताको प्रमाणपत्र जारी गर्न | |
| | बाली संरक्षण अधिकृत | फिल्ड अनुगमन गर्ने, रोग किराको सर्वे गरी पेष्ट म्याप तयारगर्ने ।<br><br>दर्तावाल व्यवसायीले स्वस्थताको प्रमाणपत्र माग गरेमा निजको नर्सरी, फार्म आदिमा भ्रमण गरी आवश्यक निरीक्षण, परिक्षण गरी सो का लागि सिफारीस गर्ने ।<br><br>आ.क्वा. लागु गर्नु पर्ने अवस्थामा जिल्लामा भित्रिने विरुवा वा विरुवा जन्य वस्तु को स्थस्थता जांच गर्ने र आवश्यक परेमा नमूना परिक्षण समेत गर्ने र प्रमाण पत्र जारी गर्ने। | |

| | | | |
|---|---|---|---|
| | | कारवाही गर्नपर्ने अवस्थामा आवश्यक प्राविधिक पुष्टयाइं सहित जिल्ला स्थित समितिमा सिफारीस सहित पेश गर्ने । | |
| | नार्क तथा कृषि विकास मन्त्रालय अन्तर्गत रहेका प्रयोगशालाहरु | जिल्ला कृषि विकास कार्यालयहरुसंग समन्वय र सहकार्यमा नियमित रुपबाट पेष्ट सर्भिलेन्सको कार्यक्रमहरु संचालन गर्ने ।<br><br>सम्बन्धित जिल्लाको आ.क्वा. लागु गर्नुपर्ने शत्रुजिवहरुको सूचि तयार गर्ने कार्यमा प्राविधिक विज्ञता उपलब्ध गराई सहयोग गर्ने ।<br><br>नमूना जांचका लागि ल्याइएका नमूनाहरु परिक्षण गरी क्वारेन्टाइन शत्रुजिव भए नभएको यकिन गरी प्रतिवेदन उपलब्ध गराउने । | |
| | स्थानिय प्रशासन | शर्तहरु बमोजिम कार्य नगरेको पाइएमा जिल्ला स्तर कार्यान्वयन तथा अनुगमन समितिको सिफारीसमा आवश्यक कार्यवाही (दण्ड जरीवाना, जफत, नष्ट) गर्न सघाउ पुरयाउने ।<br><br>चेक जांच गर्ने नाकाहरु तोक्न तथा तोकिएका नाकाबाट मात्र प्रवेश गर्ने व्यस्था मिलाउन सहयोग एवं निर्देशन दिने । | |
| | स्थानिय निकाय | स्थानिय स्तरमा उल्लेखित शर्तहरुको पालन गर्न सहजिकरण एवं समन्वयकारी भूमिका निर्वाह गर्ने । | |
| | नर्सरी व्यवसायी, वीउ उत्पादक समूह, सह कारी लगायत | व्यवसाय दर्ताका साथै वीरुवा स्वस्थताको प्रमाणपत्र लिएर मात्र कारोवार गर्ने<br><br>व्यवस्थापनको रेकर्डहरु अद्यावधिक राख्ने । | |

| | | | |
|---|---|---|---|
| | व्यवसायी | | |
| | ओसार पसार गर्ने व्यवसायी/व्यक्ति/ढुवानीकर्ता | नेपाल सरकारको ऐन र नियमावलीमा उल्लेख भएका शर्तहरु पालना गर्ने<br><br>विरुवा तथा विरुवा जन्य उत्पादन नेपाल सरकारले तोकेका वैधानिक श्रोतकेन्द्रहरुबाट मात्र लिने र कुन ठाउंको लागि लगिने हो तहांको लागि उल्लेखित आ.क्वा.का शर्तहरुको बारेमा जानकारी लिएर सो शर्त पूरा हुने अवस्थामा मात्र ओसार पसार गर्ने<br><br>जहांबाट खरीद भएको हो तहांबाट विरुवा स्थस्थताको प्रमाणपत्र लिने र आवश्यक पर्दा उपलब्ध गर्नु पर्ने<br><br>सामानहरु ओसार पसारको क्रममा निरीक्षकबाट जांच, निरीक्षण, उपचार आदिको क्रममा निजलाई पूरा सहयोग गर्ने<br><br>तोकिएका बाहेक अन्यत्र उक्त वस्तुहरुको वेच विखन नगर्ने । | |
| | कृषकहरु | जिल्ला कृषि विकास कार्यालयसंग सम्पर्क राखी विरुवा वा विरुवा जन्य वस्तुहरुको ओसार पसार गर्दा ओसार पसार गर्ने स्थानहरुको आ.क्वा.को शर्तहरु यकिन गरी मात्र गर्ने ।<br><br>स्वस्थ वीउ विजन वा उपचार गरीएका वीउ विजन मात्र प्रयोग गर्ने | |